आज मिति २०७५ साल आषाढ ०५ गते शुक्रबार बिहान ११:०० बजे आलेखेल नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री अशोक कुमार ब्यान्जु श्रेष्ठको अध्यक्षतामा बसेको बैठकमा उपस्थिति निम्नानुसार छन्।

उपस्थिति

१. नगर प्रमुख - श्री अशोक कुमार ब्यान्जु श्रेष्ठ
२. उप प्रमुख - श्री विमला कुमारी चौलागाईं शर्मा -
३. वडा अध्यक्ष - श्री रमेश प्रसाद ओसाखाईंन -
४. ″ - श्री साजन श्रेष्ठ -
५. ″ - श्री विनोद पराजुली -
६ ″ - श्री रविन्द्र कर्माचार्य -
७. ″ - श्री डम्बर समाल सिजितकार -
८. ″ - श्री सञ्जय कोजु -
९. ″ - श्री रामी प्रसाद ब्यान्जु -
१० ″ - श्री निराजन कोंग -
११ ″ - श्री बसन्त बहादुर सुनामार -
१२ ″ - श्री पदमराज राउत -
१३ ″ - श्री विष्णु थिताल -
१४ ″ - श्री हर्क बहादुर तामाङ -
१५ नगर कार्यपालिका सदस्य श्री जमुनादेवी लामा तामाङ -
१६ ″ ″ श्री राधिला तामाङ लामा -
१७ ″ ″ श्री रोजना श्रेष्ठ -
१८ ″ ″ श्री सज्जन तामाङ -
१९ ″ ″ श्री संप्रीता श्रेष्ठ -
२० ″ ″ श्री अर्जुन बहादुर भुजेल -
२१ ″ ″ श्री कृष्ण बहादुर भुजेल -
२२ ″ ″ श्री सुमित्रा पौरेमार -
२३ कार्यकारी अधिकृत श्री महेश बसल -

छलफलका विषयहरु :-

१. चालु आ. व. को समिक्षा
२. निर्णय प्रमाणीकरण सम्बन्धी निर्देशिका स्वीकृत
३. जन प्रतिनिधिहरुको आचार संहिता
४. नगर सभाको तयारी
५. W.A.S.O सञ्चालन सम्बन्धमा
६. एकीकृत खानेपानी आयोजना सञ्चालन गर्ने आयोजना प्रस्ताव
७. सम्पत्ति विवरण पेश
८. विविध

निर्णयहरु:

**निर्णय नं. १**

यस नगरपालिकाको आ.व.२०७३/०७४ को वार्षिक योजना तथ्य कार्यक्रमहरुको हाल सम्मको प्रगति र सञ्चालित योजना सम्बन्धी शाखागत जानकारी प्राप्त भयो साथै सञ्चालन र कार्यान्वयन गर्न बाँकी कार्यक्रमहरुको प्रगति विवरण शाखा प्रमुखहरुबाट पेश हुँदा सम्पादन हुन बाँकी कार्य प्रभावकारी रुपमा आगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

धुलिखेल नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नगरपालिका पदाधिकारीहरुको आचार संहिता, २०७४ नगर सभाबाट अनुमोदन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

आ.व. २०७४/०७५ को वार्षिक वजेट, नीति तथा कार्यक्रम तर्जुमाको लागि आगामी २०७४ आषाढ २५ गते प्रथम नगर सभाको वैठक आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

World e-Governments Organization को सदस्यताको लागि सम्बन्धीत निकायमा आवेदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

काभ्रे एकिकृत खानेपानी आयोजना सञ्चालन गर्नको लागि नगर कार्यपालिका तर्फबाट लिनुपर्ने आवश्यक निर्णयहरु लिन नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठ र कार्यकारी अधिकृत श्री महेश बराललाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

पादभार ग्रहण गरेको पदाधिकारीहरुले कानुन बामोजिम अषाढ २५ गते भित्र नगरपालिकाको प्रशासन शाखामा सम्पत्ति विवरण दर्ता गरी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

धुलिखेल वडा नं. ७ स्थित खेल मैदान सँगैको मुल सडकको सुरक्षाको लागि टेवा पर्खाल निर्माण गर्न अत्यन्त जरुरी देखिएकाले मर्मत सम्भार कोषबाट खर्च व्यहोर्ने गरी रु. पाँच लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

पुराना घरहरुको पून: निर्माण गर्दा त्यस्ता घरहरुको मौलिकता नबिगार्ने गरी निर्माण गर्नुपर्ने भएकाले पुननिर्माण गर्नुपर्ने घरहरुको तथ्याङ्क संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

वडा नं. ३ स्थित अरनिको राजमार्ग दायाँ बायाँ क्षेत्रमा स्थानीय बासीहरुको फोहोर पानी युक्त ढल जोडेकाले एक महिना भित्र स्वयं पाइप लाइन हटाउन पत्राचार गर्ने अन्यथा एक महिना पछि नगरपालिकाले पाइपहरु हटाई खर्च स्वयं घरधनीबाट असुल उपर गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

अनुमति नलिएका जग्गा विकास कार्यक्रम भित्र निर्माण हुने भवनहरुको नक्सा पास हाललाई रोक्का गर्न निर्यण गरियो । यस्ता जग्गा विकास आयोजनाहरुलाई मापदण्ड बमोजिमको पूर्वाधार बनाई एका महिना भित्र Planing permit लिन सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**

धुलिखेल नगरपालिका र हिमाल एसिया कल्चर हेरिटेग एण्ड एजुकेशन फाउण्डेशन, जर्मनी संस्था संग धुलिखेल संग्रहालय निर्माण तथा धुलिखेल संरक्षण कार्य अघि बढाउनका लागि भएको सम्झौता संगसगै पर्यटन गुरु योजना बनाउनको लागी समेत सोही संस्था संग आग्रह गर्ने निर्णय गरियो ।

Scanned by CamScanner